आज मिति २०७७ जेष्ठ २५  गते यस वेनीघाट रोराङ गाउँपालिका गाउँ कार्यपालिकाको वैठक अध्यक्ष श्री पित्त वहादुर डल्लाकोटी ज्यूको अध्यक्षतामा वसि निम्न विषयमा छलफल गरियो ।

उपस्थिती

१. अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी

२. उपाध्यक्ष श्री देवि प्रसाद सिलवाल

३. वडा अध्यक्ष श्री नन्द प्रसाद तामाङ

४. वडा अध्यक्ष श्री टंक बहादुर थापा

५. वडा अध्यक्ष श्री भुवन त्रिपाठी

६. वडा अध्यक्ष श्री गुणराज उप्रेती

७. वडा अध्यक्ष श्री रोशन कुमार सिलवाल

८. वडा अध्यक्ष श्री देवकृष्ण आलेमगर

९. वडा अध्यक्ष श्री हिरालाल थपलिया

१०. वडा अध्यक्ष श्री विर बहादुर श्रेष्ठ

११. वडा अध्यक्ष श्री सुरेश मल्ल

१२. वडा अध्यक्ष श्री अम्वर बहादुर गुरुङ

१३. कार्यपालिका सदस्य श्री कमला राना मगर

१४. कार्यपालिका सदस्य श्री कान्छीमाया मगर

१५. कार्यपालिका सदस्य श्री विन्दा मगराती

१६. कार्यपालिका सदस्य श्री राधा कुमारी डल्लाकोटी

१७. कार्यपालिका सदस्य श्री राम बहादुर वराम

१८.प्रमुख प्रशासकिय अधिकृत श्री लक्ष्मण प्रसाद भट्टराई

आमन्त्रीत

लेखा अधिकृत श्री सन्तोष अर्याल

सुचना अधिकारी श्री परशुराम घिमिरे

शिक्षा अधिकृत श्री बोधराज पाठक

Scanned with CamScanner

निर्णय नं. १

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले प्रकाशित गरेको सूचनाका आधारमा विद्यालयले पेश गरेको प्रस्तावलाई अध्ययन गरी निम्न बमोजिम विद्यालयहरुको प्राथमिकताक्रम निर्धारण गर्ने निर्णय गरियो ।

| प्राथमिकता क्र.न. | विद्यालयको IEMIS CODE | विद्यालयको नाम ठेगाना | विद्यालयले पेश गरेको परियोजनाको नाम | परियोजनाको लागत रु |
|---|---|---|---|---|
| १. | ३००१८००११ | राष्ट्रिय माध्यामिक विद्यालय वे.रो. १० | खेलमैदान निर्माण | २५,००,००० (पच्चिस लाख ) |
| २. | ३००१८००१२ | श्री शंखादेवि मा.वि. | इन्टरनेट र स्मार्ट वोर्ड | २०,००,००० (विस लाख ) |
| ३. | ३०००२८०००९ | महादेवस्थान आ.वि. | खेलकुद मैदान निर्माण र खेल सामाग्रीको व्यवस्थापन | २५,००,००० (पच्चिस लाख मात्र) |
| ४. | ३०००४००१४ | श्री कालिका आ.वि. वे.रो. ४ मोहरिया | खेलमैदान भवन निर्माण, घेरावार, प्रोजेक्टर सोलार | ७८,५०,००० (अठहत्तर लाख पचास हजार ) |
| ५. | ३००२८००१० | रावल डाँडा आ.वि.वे.रो.२ | इन्टरनेट सेवाको विस्तार र स्मार्टवोर्ड व्यवस्था | २६,५०,००० (छब्विस लाख पचास हजार मात्र ) |
| ६. | ३००२८००११ | वासखर्क आ.वि. वे.रो. १ वासखर्क | इन्टरनेट सुविधाको विस्तार | २५,७५,००० (पच्चिस लाख पचहत्तर हजार मात्र |
| ७. | ३००११०००२ | श्री पञ्चकन्या मा.वि.वे.रो.६ | खेलमैदान निर्माण र शौचालय निर्माण | ५०,००,००० (पचास लाख) |
| ८. | ३०००४०००९ | श्री चन्द्रोदय मा.वि.वेनिघाट | विद्यालय इन्टरनेट सेवाको विस्तार र विज्ञान प्रयोगशाला | २५,००,००० (पच्चिस लाख) |
| ९. | ३०००४००११ | वागेश्वरी मा.वि. रिचोकटार | खेलकुद मर्मत संभार र सुदृढीकरण र खेल सामाग्री व्यवस्थापन | २५,००,००० (पच्चिस लाख) |
| .१०. | ३०००४००१२ | श्री चन्द्रोदय मा.वि. विशालटार | सुविधा सहितको शौचालय र छात्राको लागि चन्जिङ रुम छुटै शौचालय | २५,००,००० (पच्चिस लाख) |

Scanned with CamScanner

निर्णय नं. २

कोरोना भाइरस (कोभिड १९) को कारण भएको वन्दावन्दीले गर्दा विदेशमा अलपत्र परेका यस गाउपालिकाका नागरिकहरुलाई वसोवासको लागि क्वारिन्टीन व्यवस्थापन गर्न यस गाउपालिका भित्र रहेका रिसोर्टहरुमा व्यवस्थापन गर्न सकिने सम्भावना कत्तिको रहन्छ सूचना प्रकाशन गरी रिसोर्टहरुवाट दररेट लिने र त्यो सम्भव नहुने भएमा अन्य वैकल्पिक व्यवस्था गरी क्वारिन्टीन व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

कार्यपालिकाको कार्यालयवाट तयार गरी पेश हुन आएको वेनीघाट रोराङ खानेपानी वोर्ड ऐन २०७७ स्वीकृत गरी गाउसभा समक्ष पेश गर्न सहमति दिने निर्णय गरियो ।

निर्णय नं. ४

कार्यपालिकाको कार्यालयवाट तयार गरी पेश हुन आएको वेनीघाट रोराङ गाउपालिकाको निम्न कार्यविधि, मापदण्ड, तथा नीति स्वीकृत गर्ने निर्णय गरियो ।

क. वेनीघाट रोराङ गाउँपालिका भवन निर्माण मापदण्ड २०७७

ख. वेनीघाट रोराङ गाउँपालिका अनुगमन तथा मुल्याङ्कन कार्यविधि २०७७

ग. वेनीघाट रोराङ गाउँपालिका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७

घ. वेनीघाट रोराङ गाउँपालिका टोल विकास सस्था सञ्चालन कार्यविधि २०७७

ङ. वेनीघाट रोराङ गाउँपालिका सुशासन (सञ्चालन तथा व्यवस्थापन) नीति २०७७

निर्णय नं. ५

प्रदेश सरकार ससर्त अनुदान तर्फको सलाङघाट माथिल्लो ओर्वाङ सडक र प्रदेश पूर्वाधार कार्यक्रम तर्फको नोहक गुफा सडक निर्माण आयोजनाको लागि ठेक्का आव्हान भै ठेक्का मार्फत कार्य सञ्चालन भै रहेको र उक्त दुवै आयोजनामा वजेट अभावको कारण लक्ष्य सम्म अझै सडक पुग्न नसक्ने भएको हुदा स्वीकृत रकममा ठेक्का सम्झौता भै वाँकी रहेको रकमवाट उपभोक्ता समिति मार्फत कार्य गराउने निर्णय गरियो ।

निर्णय नं. ६

यस गाउपालिका वडा नं. ८ का वडा सदस्य श्री राम्जी चेपाङलाई अज्ञात समुहले आक्रमण गरी सख्त घाइते वनाएको कारण तत्काल उद्दार गाउँपालिकावाट वडा नं. ७ का वडा सचिव श्री विष्णु प्रसाद थपलियाको नाममा रु ४,००,०००।- पेश्की उपलव्ध गराई उपचार गराएको, हालसम्म आक्रमण कारी पत्ता नलागेको र निज वडा सदस्यको घरको आर्थिक अवस्था निकै कमजोर भएको हुदा उपचार खर्च व्यहोर्न सक्ने अवस्था नभएकोले निजको उपचारमा भएको खर्च रु ४००,०००।- को वील भरपाईको आधारमा वडा सचिव श्री विष्णु प्रसाद थपलियाको नामको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

Scanned with CamScanner